Airlines Operators Association of Nepal
वायुसेवा संचालक संघ, नेपाल
संस्था दर्ता नं. : ६९२/०५५/०५६
पान नं. : ३०२२९२३०३
स.क.प.द.नं.: ..........................

## हाम्रो विमति

यस संघका सदस्य वायुसेवा कम्पनीहरूको हवाला दिँदै केही अनलाइन न्यूजपोर्टलहरूमा आन्तरिक हवाई भाडामा कार्टेलिङ शीर्षकमा निरन्तर तथा नियोजित रुपमा समाचार प्रकाशन भएकोमा यस संघको गम्भिर ध्यानाकर्षण भएको छ । विगतमा भएको कोभिड महामारीबाट धरासायी भएका वायुसेवा कम्पनीहरू हाल आएर पुरानै लयमा फर्कन संर्घषरत रहेको अवस्थामा यस प्रकारका भ्रमित तथा कपोलकल्पित समाचार धारा प्रवाह रुपमा प्रकाशित हुनु गलत हो ।

कोभिड १९ संक्रमणपछि वायुसेवाहरुले सुलभ भाडादर कायम गरेकै कारण आन्तरिक यात्रुहरूको संख्या बढेको तथ्यांक सबैलाई थाहा नै छ । संघ तथा संघका सदस्य वायुसेवा कम्पनीहरूको एउटै उद्देश्य सम्पूर्ण यात्रुलाई सुरक्षीत, सुनिश्चित तथा भरपर्दो तरिकाबाट आ-आफ्नो गन्तव्यमा पुऱ्याउनु हो । सदस्य वायुसेवा कम्पनीहरूले नेपाल सरकारले निर्धारण गरेको न्युनतम र अधिकतम भाडा दरको अधिन भित्रै रहेर यात्रुसँग हवाई भाडा लिनुपर्ने भएता पनि हाल सो भन्दा कम दरमा आफ्नो सेवा उपलब्ध गराएको व्यहोरा कहिंकतैबाट लुकेको छैन ।

यस प्रकारको भ्रामक तथा कपोलकल्पित समाचार प्रकाशित हुनु अत्यन्त दुःखद् रहेको र कुनै पनि समाचार प्रकाशित गर्नु पूर्व सम्वन्धित सरोकारवालासँग आवश्यक समन्वय गरी सत्यतथ्य समाचार प्रकाशित गरिदिनु हुन यो संघ सबैमा हार्दिक अपिल गर्दछ ।

अतः यसरी भ्रामक समाचार सम्प्रेषण हुँदा नकारात्मक रुपमा टिकाटिप्पणी गरी भ्रम फैलाउने कार्य भई रहेकाले सम्वन्धित निकायवाट आधिकारिक रुपमा धारणा नआएसम्म यस्ता भ्रमपूर्ण समाचारमा विश्वास नगरिदिनु हुन यसै प्रेस विज्ञप्तिमार्फत सम्वन्धित सबैमा यो संघ हार्दिक अपिल गर्दछ । साथै यस प्रकारका भ्रामक समाचारप्रति संघ तथा संघका सदस्य वायुसेवा कम्पनीहरूको ठूलो विमति रहेकाले सर्वसाधारण, यात्रु महानुभाव तथा सम्वन्धित निकायलाई यो संघ गम्भिर ध्यानाकर्षण गर्न चाहन्छ ।

मिति २०७९।०८।२८

AIRLINES OPERATORS ASSOCIATION OF NEPAL AOAN Nepal

योगराज कंडेल शर्मा
प्रवक्ता

Gaushala, Kathmandu, Tel: 015902009, 014590856, Web site : www.aoan.org.np, Email: aoan2055@gmail.com